नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
झापा
(स्थानीय प्रशासन ........ शाखा/फाँट)

०२३- ४५५१२५ कार्यालय
४५५०८८ फ्याक्स
४५६१९१ कार्यालय
४५६१९७ प्रजिअ आवास
४५५१६६, ४५५०६६, ४५५९८८

पत्र संख्या :०७६/७७
चलानी नं. :-

मिति :- २०७६/१२/११

विषय :- *जिल्ला प्रशासन कार्यालय झापाका प्रमुख जिल्ला अधिकारीद्वारा जारी आदेशको सूचना ।*

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/१२/०९ गतेको निर्णयबाट भएको अधिकार प्रत्यायोजन बमोजिम संक्रामक रोग ऐन २०२० को दफा २ ले प्रदान गरेको अधिकार र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम प्रमुख जिल्ला अधिकारीलाई प्राप्त अधिकार समेत प्रयोग गरी झापा जिल्लामा कोभिड १९ को संभावित संक्रमण रोकथाम तथा नियन्त्रणको लागि झापा जिल्लाभरि मिति २०७६/१२/११ विहान ०६.०० बजे देखि मिति २०७६/११/१८ गते विहान ०६.०० बजे सम्म लागू हुने गरी र आदेशको अवहेलना/बर्खिलाप हुने गरी कसैले कार्य गरे/गराएमा प्रचलित कानुन बमोजिम कारवाही समेत हुने भनि देहायको आदेश जारी भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आदेश

१. औषधी उपचार, खाद्य वस्तु खरिद जस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर ननिस्कने, निस्कन नदिने ।

२. जिल्ला प्रशासन कार्यालयबाट अनुमति प्राप्त सवारी साधन, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने बाहेक सबै प्रकारका सार्वजनिक वा निजी यात्रुवाहक सवारी साधन संचालन नगर्ने नगराउने ।

३. स्वास्थ्य, सुरक्षा, खाद्य बस्तु, खानेपानी, दुध, विद्युत, दुर संचार, सूचना तथा संचार, भन्सार, क्वारेन्टाइन, फोहोरमैला व्यवस्थापन जस्ता अति आवश्यक सेवा बाहेक अन्य कार्यालय संचालनको लागि आवश्यक पर्ने कर्मचारीहरु मात्र उपस्थित हुने व्यवस्था मिलाउन र अन्य कर्मचारीहरुलाई आवश्यक परेको वखत तत्काल उपस्थित हुने गरी सम्बन्धित कार्यालय प्रमुखले बिदा दिने व्यवस्था गर्ने ।

४. औषधी तथा स्वास्थ्य उपकरण, खाद्य वस्तु, खानेपानी, दुध, इन्धन उत्पादन गर्ने उद्योगहरु बाहेक निजी संचालित अन्य उद्योग, कलकारखानाहरुमा काम गर्ने श्रमिक कर्मचारीहरुलाई सम्बन्धित उद्योगले बिदा दिने व्यवस्था मिलाउने ।

५. व्यवसायीहरुले औषधी र औषधीजन्य सामाग्रीहरुको नियमित आपूर्तिको व्यवस्था गर्ने । अभाव देखाइ मुल्य वृद्धि गर्ने वा कालाबजारी, जम्माखोरी वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिहरुलाई प्रचलित कानुन बमोजिम नियन्त्रणमा लिई कडा कारबाही गरिनेछ । उक्त सामग्री जफत गरी रोगको रोकथाम र उपचार कार्यमा उपयोग गरिनेछ ।

६. जिल्ला भित्र रहेका सबै एम्बुलेन्सहरुलाई आवश्यक परेको वखत तत्काल प्रयोग गर्न सकिने गरी सम्बन्धित एम्बुलेन्स संचालकहरुले तयारी अवस्थामा राख्ने ।

७. दुबै देशको भन्सार नाकाहरुबाट आउने मालवाहक तथा अन्य सवारी साधनका चालकहरुको सम्बन्धित नाकाहरुमा स्वास्थ्य परिक्षण गर्ने र गाडीलाई समेत डिईन्फेक्सन स्प्रे गरी मात्र संचालन गर्ने ।

८. जिल्ला भित्रका उद्योग वाणिज्य संघहरुले खाद्यान्न सामाग्री नियमित गर्ने ।

९. भौगोलिक अवस्थितिलाई विचार गरी सवारी साधन अनुमति प्राप्त गर्नका लागि नजिकको सुरक्षा इकाइ तथा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुसँग समन्वय गरी जिल्ला प्रशासन कार्यालयसँग सम्पर्क गर्ने ।

१०. समाचार संस्था तथा संचारकर्मीहरुले प्रयोग गर्ने सवारी साधनको हकमा जिल्ला प्रशासन कार्यालयले जारी गरेको सवारी संचालन अनुमति पत्र लिएर मात्र सवारी संचालन गर्ने ।

११. स्वास्थ्य सेवा सँग सम्बन्धित, सुरक्षा निकाय एवम् दैनिक उपभोग्य बस्तुहरु खाद्यान्न, खानेपानी, दुध, ग्यास, इन्धन, दाना लगायत ढुवानी पैठारी गर्ने सवारी साधन बाहेकका अन्य सार्वजनिक तथा निजी सवारी साधनमा पूर्ण रोक लगाउने । सो बाहेक अन्य सवारी साधन (प्रेस, विशिष्ट व्यक्ति, कार्यालय, कर्मचारी आदि) संचालन गर्नु गरेमा जिल्ला प्रशासन कार्यालयबाट सवारी संचालन अनुमति लिएर मात्र संचालन गर्ने ।

७६/१२/११

राज कुमार राई
सहायक प्रमुख जिल्ला अधिकारी
सहायक प्रमुख जिल्ला अधिकारी